म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २४६ बिहीबार, १० बैशाख २०८३ ने. सं. ११४६ बछलाथ्व 23 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**लोकतन्त्र दिवस, २०८३**

☞ संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
☞ नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
☞ विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं, सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
☞ भ्रष्टाचार र अन्यायका विरुद्ध सचेत रहौं,
☞ लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔं।
सबल लोकतन्त्र, समृद्ध राष्ट्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### संघीय सरकारको निर्णयविरुद्ध पत्रकार महासंघको दबावमूलक कार्यक्रम सुरु

# निजी मिडियालाई विज्ञापन उपलब्ध हुन्छः मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ निजी मिडियालाई सरकारी विज्ञापन नदिने निर्णयविरुद्ध नेपाल पत्रकार महासंघले बुधबारदेखि देशव्यापी दबाबमूलक कार्यक्रम सुरु गरेको छ ।

कार्यक्रमको पहिलो दिन महासंघले सातवटै प्रदेशका मुख्यमन्त्रीसँगसबै प्रदेश समितिले भेटघाट तथा छलफल गरी महासंघको धारणा स्पष्ट पार्ने र प्रतिवद्धता लिने कार्यक्रम गरेको हो । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँसँग बुधबार केन्द्रीय सर्कुलरबमोजिम प्रदेश समितिले यस विषयमा छलफल गरेको छ । छलफलमा प्रदेशका समितिका उपाध्यक्ष हरि हुमागाई, प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्टलगायत सञ्चारकर्मीको उपस्थिति रहेको थियो । छलफलको क्रममा सरकारी विज्ञापनलाई केवल सरकारी सञ्चारमाध्यममा मात्रै प्रकाशन तथा प्रसारण गर्ने संघीय सरकारको निर्णय कार्यान्वयन नगर्न प्रदेश समितिले प्रदेश सरकारसँग आग्रह गरेको हो ।

अन्तरक्रियामा महासंघका प्रतिनिधिले नेपाल सरकारको हालैको निर्णयअनुसार सरकारी विज्ञापन केवल सरकारी सञ्चारमाध्यममार्फत् मात्र प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था लागू भए निजी सञ्चार माध्यम प्रत्यक्ष प्रभावित हुने भन्दै गम्भीर चिन्ता व्यक्त गरेका थिए । संस्थापक अध्यक्ष विष्टले यो निर्णयले सञ्चारगृहका साथै श्रमजीवी पत्रकार समेत जोखिममा पर्ने बताएका छन् । आर्थिक मन्दीका कारण सबै क्षेत्र प्रभावित भइरहेका बेला यस्तो निर्णयले थप समस्या सिर्जना गर्ने उनको भनाई थियो । प्रदेश सरकारले यस विषयलाई गम्भीर तापूर्वक लिँदै प्रदेश मन्त्रालय तथा मातहतका निकायका विज्ञापन निजीक्षेत्रका मिडियालाई पनि उपलब्ध गराउन आग्रह गरे ।

कार्यक्रममा मुख्यमन्त्री बानियाँले यो विषयमा आफूले प्रधानमन्त्री बालेन्द्र शाहको ध्यानाकर्षण गराइसकेको बताएका छन् । उनले संविधानको मर्मअनुसार निजीक्षेत्रलाई सँगसँगै अघि बढाउन आवश्यक रहेको उल्लेख गर्दै संघले आफ्नो अधिकार प्रयोग गर्दा प्रदेशको क्षेत्राधिकार मिच्न नपाइने धारणा राखे । प्रदेश सरकारले टेण्डर आह्वानसम्बन्धी सूचनाबाहेक अन्य विज्ञापनहरु निजी सञ्चारमाध्यमलाई उपलब्ध गराउने प्रतिबद्धता मुख्यमन्त्री बानियाँले जनाए । साथै, प्रदेश सरकारले यसअघि जारी गरेको सम्बन्धित परिपत्रलाई आवश्यक संशोधन गर्ने उनले बताए ।

मुख्यमन्त्री बानियाँले संघीय सरकारले प्रदेश सरकारको अधिकारमाथि अनावश्यक हस्तक्षेप गर्न नहुने धारणा राख्दै संघीय संरचनाअनुसार प्रदेश सरकार स्वतन्त्र सरकार भएको उल्लेख गरे । संघीय सरकारले गत चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मार्फत् सरकारी खर्चमा मितव्ययिता कायम गर्न सबै सार्वजनिक निकायलाई सरकारी सञ्चारमाध्यममा मात्र सूचना प्रकाशन प्रसारण गर्न निर्देशन दिएको थियो । यो निर्णयले निजी सञ्चारमाध्यम आर्थिक रुपमा धराशायी हुने भन्दै पत्रकार महासंघले देशव्यापी चरणबद्ध दबाबमूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

यसैक्रममा बिहीबार बिहान १० बजे सबै जिल्लामा प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम तय गरिएको महासंघले जनाएको छ । सोही दिन दिउँसो १ बजे केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन आयोजना गरी महासंघको आधिकारिक धारणा सार्वजनिक गरिनेछ । वैशाख ११ गते देशभरका सञ्चारमाध्यमलाई सम्पादकीय ऐक्यबद्धता जनाउँदै सरकारको विभेदकारी निर्णयको विरोध गर्न आह्वान गरिएको छ । सोही दिन बिहान ८ बजेदेखि पत्रकार तथा महासंघका सदस्यले सामाजिक सञ्जालमार्फत् विरोधका सामग्री सार्वजनिक गर्ने कार्यक्रम रहेको छ । यसैक्रममा वैशाख १४ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल गरिनेछ भने वैशाख १५ गते नगरपालिका महासंघ, गाउँपालिका महासंघ, केन्द्रीय समिति तथा जिल्ला समन्वय समितिमार्फत सबै स्थानीय तहलाई संघीय सरकारको निर्णय अवज्ञा गर्न आग्रह गर्दै ज्ञापनपत्र बुझाइने महासंघले जनाएको छ ।

महासंघले आफ्ना माग पूरा नभए हाल घोषणा गरिएका कार्यक्रमको समीक्षा गर्दै थप सशक्त आन्दोलनका कार्यक्रम अघि बढाइने चेतावनी दिएको छ । महासंघले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी निर्णय र परिपत्र प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मान्यता, नेपालको संविधान, खुलाअर्थनीति तथा संघीयताको मर्मविपरीत रहेको ठहर गर्दै आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो । महासंघले यसअघि गत २३ गते सञ्चार तथा सूचना प्रविधिमन्त्रीसमक्ष निर्णय फिर्तालिन माग गर्दै ज्ञापनपत्र बुझाएको थियो । तर, सरकार समस्या समाधानप्रति उदासीन देखिएको निष्कर्ष निकाल्दै महासंघले अब दबाबमूलक आन्दोलनको बाटो रोजेको हो ।

### अब गाउँपालिकाबाटै व्यक्तिगत र व्यावसायिक प्यान दर्ता हुने

# मनहरी गाउँपालिकाबाट करदाता सेवा सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ मकवानपुर जिल्लामै पहिलोपटक मनहरी गाउँपालिकाबाट करदाता सेवा सुरु भएको छ । बुधबार एक कार्यक्रमका बीच गाउँपालिकाले व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखानम्बर (प्यान) जारी तथा अन्य करदाता सेवा सुरु गरिएको हो ।


आन्तरिक राजस्व कार्यालय हेटौंडाका प्रमुख युक्तप्रसाद सुवेदी र गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीबीच समझदारी पत्रमा हस्ताक्षर गरी सेवाको औपचारिक सुरुवात गरिएको हो । संघीय सरकारले गत कात्तिक १७ गते स्थानीय तहबाट करदाता सेवा प्रदान गर्न सुरुगर्ने निर्णयअनुसार मकवानपुरमा पहिलोपटक स्थानीय तहमार्फत सेवा सुरु गरिएको हो । गाउँपालिकाबाट बुधबार पहिलोपटक व्यक्तिगत स्थायी लेखानम्बर लिने निर्मला मल्ल, अनमोल गोले र व्यावसायिक स्थायी लेखानम्बर लिने सिर्जना टेलर्सकी सञ्चालकलाई गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, आन्तरिक राजस्व कार्यालयका प्रमुख सुवेदी र गाउँपालिका प्रमुख प्रशाकीय अधिकृत सुवेदीले प्रमाणपत्र हस्तान्तरण गरी सेवाको औपचारिक सुरुवात गरिएको छ ।

अब गाउँपालिकाबाटै व्यक्तिगत र व्यावसायिक स्थायी लेखा (प्यान) नम्बर जारी हुनेछ भने व्यावसायिक तथा व्यक्तिगत स्थायी लेखानम्बरमा रुपान्तरणसम्बन्धी कार्य पनि हुनेछ । यस्तै आयकर दर्ता तथा स्थायी लेखानम्बर दर्तासँग सम्बन्धित संशोधित कार्य पनि गाउँपालिका कार्यालयबाटै हुने जनाइएको छ । अन्तःशुल्कको इजाजतपत्र जारी तथा नवीकरणको कार्यको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयसँग सहजीकरण गरी प्रमाणपत्र जारी गर्ने तथा अन्तःशुल्क लाग्ने वस्तुको खरिद बिक्री गर्ने इजाजतपत्र मात्र जारी एवम् नवीकरण गर्ने काम पनि स्थानीय तहबाटै हुने आन्तरिक राजस्व विभागबाट जारी कार्यसञ्चालन कार्यविधिमा उल्लेख छ ।

त्यस्तै प्रमाणपत्र जारी गर्नुपूर्व अन्तःशुल्कको नयाँ इजाजतपत्र तथा नवीकरणको कार्यको लागि आवश्यक कागजातहरु रुजु गरी सबमिट गर्ने र प्रमाणीकरणको लागि सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा रेफर/फरवार्ड गर्ने साथै अन्तिम तहको रुजु सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट भई करअधिकृतले डिजिटल हस्ताक्षर जारी गर्ने कार्यविधिमा उल्लेख छ । मनहरी गाउँपालिकामा करदाता सेवा प्रदान गर्न गाउँपालिकाको तीनजना कर्मचारीलाई आन्तरिक राजस्व कार्यालय हेटौंडाले तालिम प्रदान गरी आवश्यक उपकरणको व्यवस्थापनसमेत गरिसकेको छ ।

गाउँपालिकाबाटै सेवा सुरु भएसँगै करदातालाई समयको बचत हुनुका साथै छिट्टो छरितो सेवा प्राप्त हुने गाउँपालिका अध्यक्ष कालाखेतीले विश्वास व्यक्त गरे । नेपाल सरकार मन्त्रिपरिषद्को गत कात्तिक १७ को निर्णयले करदाता सेवा कार्यालय खारेज गर्ने निर्णय गरेको थियो । सुरुमा कोष तथा लेखानियन्त्रक कार्यालयबाट सुरु गरिएको यो कार्यक्रम अब स्थानीय तहबाट सुरु गर्न लागिएको हो ।

# ज्येष्ठ नागरिक विश्रामस्थल निर्माण हुँदै



साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ हेटौंडामा ज्येष्ठनागरिकका लागि विश्रामस्थल निर्माणकार्य सुरु गरिएको छ । हेटौंडा उपमहानगर पालिका-४ अन्तर्गत लोकतान्त्रिकचौर (हुप्रा) मा संरचना निर्माण गर्न थालिएको हो ।

४ नं. वडाध्यक्ष नवीन सिग्देलका अनुसार चालु आर्थिक वर्षभित्रै निर्माणकार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ । बागमती प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालयबाट विनियोजित १८ लाख रुपैयाँ बजेटमा निर्माण भइरहेको विश्रामस्थलको काम सुरु भइसकेको छ र एक महिनाभित्र सम्पन्न हुने अपेक्षा गरिएको छ । हुप्राचौरमा बिहान, दिउँसो तथा साँझको समयमा ज्येष्ठनागरिकहरु भेलाभइ बस्ने, कुराकानी गर्ने तथा घामताप्ने गर्दछन् । यस्तो गतिविधिलाई सहज बनाउन तथा घाम, हुरी बतासबाट जोगिनका लागि विश्रामस्थल उपयोगी हुने विश्वास गरिएको छ ।

चौरमा बालबालिका खेल्ने, व्यायाम गर्ने तथा दौडनेहरुको पनि बाक्लो उपस्थिति रहने गरेको छ । तर, खुला चौरभित्र विभिन्न भौतिक संरचना निर्माण हुँदै जाँदा चौर खुम्चिँदै गएकोप्रति स्थानीयवासीले गुनासो गरेका छन् । हुप्राचौरमा दैनिक सयौँको संख्यामा मानिसहरु आउने गरेका छन् ।

# लाइसेन्स सेवालाई प्रविधिमैत्री बनाउँदै बागमती प्रदेश सरकार



साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ सवारीचालक अनुमतिपत्र (लाइसेन्स) सम्बन्धी सेवाप्रवाहलाई थप प्रभावकारी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउने दिशामा बागमती प्रदेश सरकारले ठोस पहल थालेको छ ।

बुधबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा यातायात व्यवस्था कार्यालयको सेवा सुधारका विषयमा मातहातका कार्यालयका प्रमुखहरुसँग विस्तृत अन्तरक्रिया भएको छ । यातायात व्यवस्था कार्यालयबाट प्रदान गरिँदै आएको सेवामा देखिएका गुनासोलाई न्यूनीकरण गर्ने, सेवा प्रवाहलाई सहज, छरितो र पारदर्शी बनाउने तथा प्रविधिको अधिकतम प्रयोगमार्फत् सेवाग्राहीलाई झन्झटमुक्त सेवा उपलब्ध गराउने विषयमा गहन छलफल भएको थियो । सहभागीले सेवा प्रवाहका वर्तमान प्रक्रियागत चरणहरु, तिनमा रहेका जटिलता तथा सुधार गर्न सकिने सम्भावित उपायबारे विश्लेषणात्मक प्रस्तुतीकरण गरेका थिए ।

सेवा सुधारका लागि आवश्यक कानुनी तथा प्रक्रियागत आधारबारे पनि विस्तृत बहस भएको मुख्यमन्त्री कार्यालयले जनाएको छ । यातायातक्षेत्रमा देखिएका क्षेत्रगत समस्याको पहिचान गर्दै तत्काल कार्यान्वयन गर्न सकिने सुधारका उपायमा जोड दिइएको थियो । यसैगरी, सेवा सरलीकरण, डिजिटल प्रणालीको विकास तथा प्रयोग, भीडभाड न्यूनीकरण र विचौलियाको प्रभाव अन्त्य गर्न आवश्यक नीति, ऐन, नियम, कार्यविधि तथा सफ्टवेयर प्रणालीको विकास र कार्यान्वयनका विषयमा विस्तृत छलफल गरिएको थियो । कार्यक्रममा सहभागी कार्यालय प्रमुखहरुले सेवा सुधारका लागि आफूहरुले अपनाउन सक्ने उपाय, विभिन्न निकायबीचको समन्वय र कार्यविभाजन तथा त्यसबाट नागरिकले प्राप्त गर्ने सुविधाबारे संयुक्त प्रस्तुतीकरण गरेका थिए ।

उनीहरुले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन अनलाइन प्रणालीको विस्तार, सेवामा पारदर्शिता अभिवृद्धि, समयसीमा निर्धारण तथा अनुगमन प्रणालीलाई सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याएका थिए । कार्यक्रममा मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँसहित आर्थिक मामिला तथा योजना मन्त्री प्रभातकुमार तामाङ, श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापा, प्रमुखसचिव बाबुराम अधिकारीलगायतको उपस्थिति रहेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# यातायात प्राधिकरणको माग

निजीक्षेत्रले दशकौंदेखि धानेको सार्वजनिक यातायात प्रणालीलाई अब राज्यले स्पष्ट नीति, व्यवहारिक कानुन, आधुनिक पूर्वाधार र न्यायपूर्ण प्रतिस्पर्धाको वातावरण दिएर पुनर्संरचना गर्नुपर्ने माग तीव्र बनेको छ । सार्वजनिक यातायातको विकासका निम्ति साविक ऐन तथा नियममा संसोधन, थप र खारेजी गर्नुपर्ने विषय समेट्दै नारायणी यातायात व्यवसायी संघले मकवानपुरका क्षेत्र नं. १ सांसद् प्रकाश गौतमलाई २० बुँदे मागपत्र प्रस्तुत गरेको थियो । संघको सभाहलमा सांसदसमक्ष संघका उपाध्यक्ष विष्णु बिडारी, महासचिव सरोज खनाललगायत यातायात व्यवसायीले मागपत्र पेश गरेका हुन् । मागपत्रमा व्यवसायीले सार्वजनिक यातायात क्षेत्रका संघ संस्थाको दर्ता तथा नवीकरण तत्काल खुला गर्नुपर्ने माग गरेका छन् । सवारी दुर्घटनापछि क्षतिपूर्ति, उपचार खर्च र सामाजिक दायित्व वहन गर्नुपर्ने भएकाले संस्था दर्ता ऐन २०३४ अन्तर्गत दर्ता भएका संघसंस्थालाई निरन्तरता दिनुपर्ने उनीहरुको माग छ । पुराना संस्थालाई कम्पनीमा रुपान्तरण गर्न स्थिर सम्पत्ति, स्वामित्व संरचना र कानुनी जटिलताले कठिनाइ उत्पन्न गरिरहेको भन्दै साविक संरचनालाई नै व्यवस्थितरुपमा निरन्तरता दिन आग्रह गरिएको छ ।

यात्रुवाहक, मालवाहक, पेट्रोलियम ढुवानीलगायत सबै प्रकारका भाडाका सवारीसाधनलाई सार्वजनिक सवारीको एउटै परिभाषाभित्र समेट्नुपर्ने प्रस्ताव गरिएको छ । हाल विभिन्न कानुनी परिभाषाका कारण नीति कार्यान्वयनमा असमानता देखिएको भन्दै एकीकृत व्यवस्था आवश्यक रहेको उल्लेख गरिएको छ । लामो समयदेखि उठ्दै आएको अधिकार सम्पन्न यातायात निर्देशनालय वा यातायात प्राधिकरण गठन गर्नुपर्ने यातायात व्यवसायीको माग छ । देशको भौगोलिक अवस्था, सडक संरचना र सेवाको आवश्यकता अनुसार केन्द्रीय तहमा बलियो नियामक निकाय स्थापना गरी योजना, नियमन, अनुगमन र सुधारकार्य एकद्वार प्रणालीबाट सञ्चालन गर्नुपर्ने माग छ । सातै प्रदेशमा फरकफरक कर संरचना हुँदा अन्योल र अतिरिक्त आर्थिक भार परेको भन्दै वैज्ञानिक, एकरुप र व्यवहारिक करप्रणाली लागूगर्न माग गरिएको छ । सवारी दुर्घटनापछिको दायित्व र बीमा व्यवस्थामा पनि समयानुकूल सुधार आवश्यक रहेको व्यवसायीको भनाइ छ । दुर्घटनाको सम्पूर्ण आर्थिक जिम्मेवारी सवारीधनीमाथि पर्ने भएकाले बीमाङ्क रकम वृद्धि, बीमा दायरा विस्तार तथा मोटर बीमा निर्देशिका समयसमयमा संशोधन हुने कानुनी व्यवस्था गर्नुपर्ने माग उनीहरुले राखेका छन् । दुर्घटनाबाट दीर्घकालीन अपाङ्गता भएका पीडितका लागि हालको क्षतिपूर्ति अपर्याप्त रहेको व्यवसायीको ठहर छ । प्रकृतिअनुसार राहत रकम बढाउन र त्यसको दायित्व बीमा कम्पनीमार्फत् सुनिश्चित गर्न मागपत्रमा छ । घाइते तथा अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै कोष स्थापना गर्नुपर्ने माग छ । सबै दुर्घटना चालकको लापरवाहीका कारणले मात्र नहुने भएकाले निष्पक्ष अनुसन्धान प्रणाली आवश्यक रहेको बताइएको छ । दुर्घटनाको कारण यकिन गरी दोषी र निर्दोष छुट्याउने संयन्त्र, छिटो न्याय दिने विशेष संरचना तथा त्यसमा व्यवसायी र मजदुर प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग गरिएको छ । सवारी पञ्जीकरण प्रक्रियालाई पनि अनावश्यक दोहोरो प्रशासनिक बोझ भनिएको छ । ब्लुबुकमै सवारीको सम्पूर्ण अभिलेख हुनेहुँदा छुट्टै पञ्जीकरण खारेज गरी सम्पूर्ण अभिलेखीकरणलाई पूर्णरुपमा अनलाइन प्रणालीमा रुपान्तरण गर्नुपर्ने माग गरिएको छ । संघीय संरचना लागू भइसकेको अवस्थामा अझै अञ्चल नम्बर प्रणाली कायम रहनु असान्दर्भिक भएको भन्दै पुराना नम्बर प्लेट स्वत: खारेज गरी नि:शुल्क प्रदेश नम्बर प्रणाली लागू गर्नुपर्ने माग गरिएको छ । सडक इजाजत प्रणालीलाई पनि व्यवहारिक बनाउनुपर्ने उनीहरुको माग रहेको छ । कुनै एक रुटको अनुमति लिएर अर्को वैकल्पिक सडक प्रयोग गर्न नपाउने व्यवस्था अव्यवहारिक भएको भन्दै वार्षिक वा बहुरुट अनुमति प्रणाली लागू गर्नुपर्ने उनीहरुले बताएका छन् ।

दक्षचालक र सहचालक उत्पादनका लागि सुलभ प्राविधिक शिक्षालय स्थापना गर्नुपर्ने तथा त्यहाँको प्रमाणपत्रका आधारमा छिटो, सुलभ र व्यवस्थितरुपमा व्यावसायिक लाइसेन्स दिने प्रणाली लागू गर्न माग गरिएको छ । निजी र व्यावसायिक लाइसेन्सलाई छुट्टाछुट्टै प्रणालीमा लैजानुपर्ने माग उनीहरुको छ । हरेक पालिका, सहर र महानगरमा यात्रुमैत्री आधुनिक बसपार्क निर्माण गर्नुपर्ने, मालवाहक सवारीका लागि हाइवे भेहिकल पार्क स्थापना गर्नुपर्ने तथा सञ्चालनमा निजीक्षेत्रलाई समेत सहभागी गराउनुपर्ने माग गरिएको छ । संयुक्त लगानीमा ट्रमा सेन्टर स्थापना गरी दुर्घटनापछिको उपचार प्रणाली बलियो बनाउनुपर्ने सुझाव छ । सडक र पुलपुलेसाको संरक्षण तथा ओभरलोड नियन्त्रणका लागि निश्चित दूरीमा अनिवार्य तौलपुल स्थापना गर्नुपर्ने माग छ । तौलपुलसम्बन्धी स्पष्ट कानुन बनाई राज्य र निजीक्षेत्रको संयुक्त लगानीमा सञ्चालन गर्नुपर्ने प्रस्ताव गरिएको छ । विद्युतीय सवारी विस्तारलाई पनि उनीहरुले प्राथमिकतामा राखेका छन् । हाल सञ्चालनमा रहेका सार्वजनिक सवारीलाई चरणबद्धरुपमा प्रतिस्थापन गर्दै आवश्यक चार्जिङ स्टेशनसहित विद्युतीय सवारी सञ्चालन गर्नुपर्ने भनिएको छ । पेट्रोल वा डिजल ईन्जीनलाई विद्युतीयमा रुपान्तरण गर्न सहज बनाउन माग गरिएको छ । यातायात मजदुरलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध गरिनुपर्ने र सवारी खरिद तथा सञ्चालनका लागि सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउनुपर्ने माग गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख ११ गते शुक्रबार २४ अप्रिल २०२६ । अष्टमी, वैशाख शुक्लपक्ष । बछलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:३३ सूर्यास्त ६:३३ । लोकतन्त्र दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद हुन सक्ने | **तुला** | : व्यापारबाट फाइदा हुनेछ |
| **वृष** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | **वृश्चिक** | : मन प्रशन्न हुने देखिन्छ |
| **मिथुन** | : आफन्तको सहयोग मिल्नेछ | **धनु** | : नयाँ काम गर्न जागर आउनेछ |
| **कर्कट** | : यात्राको लागि राम्रो समय छ | **मकर** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| **सिंह** | : सोचेजस्तो सहयोग मिल्नेछैन | **कुम्भ** | : पढाइमा सहयोग मिल्नेछ |
| **कन्या** | : समय पूजापाठमा बित्नेछ | **मीन** | : रिसाउने बानीले हानि पुग्नेछ |

# कम्युनिस्टले वर्ग छाडे कि वर्गले कम्युनिस्ट पार्टी ?



✍ प्रकाश ज्वाला

केपी शर्मा ओली सरकारको सामाजिक सञ्जाल बन्द गर्ने प्रतिगामी निर्णयका कारण नवयुवाहरूमा उत्पन्न आक्रोशको आगोमा जेनजी आन्दोलन जन्मियो । यसै पनि यसअघि भए-गरिएका भ्रष्टाचार, अनियमितता र जनविरोधी गतिविधिहरूले जनतामा असन्तुष्टि र आक्रोश व्याप्त थियो, जसले जेनजी विद्रोहलाई मलिलो जमिन प्रदान गऱ्यो । आन्दोलनमा विगतदेखि गुम्सिँदै आएको असन्तुष्टि र आक्रोश झन् धेरै विस्फोट भयो । र, यसले एकै दिनमा ठूलो उथलपुथल ल्यायो ।

आन्दोलनमा सरकारी दमनबाट करिब दुई दर्जन युवाहरूको ज्यान गयो । भदौ २३ को विद्रोहको बाढीले एमाले-कांग्रेसको कथित दुई तिहाइको बलियो भनिएको सरकार त बगायो नै, जननिर्वाचित प्रतिनिधिसभा पनि विघटन भयो । अर्कोतिर आन्दोलनको उभारले हामीले पहिलेदेखि अघि सार्दै आएका भ्रष्टाचारका विरुद्ध सुशासन, बेरोजगारीको सट्टा रोजगारीलगायतका एजेन्डाहरू अझ सटिक रूपमा स्थापित भए । अर्कोतिर भाद्र २४ गते जेनजी आन्दोलनका नाममा केही अराजक, घुसपैठिया र विध्वंसकारी तत्त्वहरूबाट देशव्यापी विध्वंस मच्चाइयो । हेर्दाहेर्दै राष्ट्रका गौरवका धरोहरहरू आगोको मुस्लोमा विलीन भए । देशका प्रशासनिक केन्द्रहरू, व्यावसायिक प्रतिष्ठानहरू, निजी सम्पत्तिमा आगजनी, तोडफोड र लुटपाट मच्चाइयो । केही घण्टाभित्रै देश जल्यो, राष्ट्रिय सम्पत्ति धुवाँ र खरानीमा परिणत भयो ।

जेनजी आन्दोलनपछि केही दिन मुलुकमा राज्यविहीनताको अवस्था सिर्जना भयो । देश ठूलो सङ्कटको भुमरीमा फस्यो, अन्योल र अनिष्टको कालो बादल नेपाली आकाशमा मडारिन थाल्यो । दर्जनौं नागरिकको ज्यान गएको र देशको महत्त्वपूर्ण सम्पत्ति डढिसकेपछिको सन्नाटामा 'अब देश कता जाने ?' भन्ने यक्ष प्रश्न सबैका दिमागमा तेर्सियो । सङ्कटको राजनीतिक निकास के होला भन्ने अन्योलको बिचमा राष्ट्रपतिले समस्या समाधानका लागि पहल गर्नुभयो र त्यसका लागि राजनीतिक दलका नेताहरूको समेत साथ लिनुभयो । दलहरूको सहयोग र सुझावमा देशलाई अझै ठूलो सङ्कटको भड्खालोबाट जोगाउनका लागि 'सङ्कटको निकास तत्काल अन्तरिम सरकार गठन र निर्वाचनको मिति तोक्नु हो' भन्ने निष्कर्षमा राष्ट्रपति पुग्नुभयो ।

सोहीअनुसार सुशीला कार्कीको नेतृत्वमा सरकार गठन भई फागुन २१ गते निर्वाचनको मिति तोकियो । तत्कालीन नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) लगायत दलहरूले चुनाव नै सङ्कटको निकास भएको ठहरसहित निर्वाचनमा भाग लिने घोषणा गरे । त्यो कहालीलाग्दो अवस्थामा यो सही कार्यनीति थियो । यद्यपि निर्वाचन नहुँदा आउने सङ्कटबाट त देश जोगियो तर निर्वाचनपछिको सम्भावित खतरातर्फ कसैको ध्यान जान सकेन ।

**निर्वाचनको 'सुनामी'**

यसपटक प्रतिनिधिसभा निर्वाचनमा अकल्पनीय र अप्रत्याशित परिणाम प्राप्त भयो । एकातिर नयाँका नाममा रास्वपाले करिब दुई तिहाइ बहुमत ल्यायो भने अर्कोतिर कांग्रेस, कम्युनिस्ट, मधेसवादीलगायत स्थापित राजनीतिक दलहरू पुरानाका नाममा नराम्रोसँग पराजित भए । दलहरूका लागि इतिहासमा यो धेरै तितो हार हो । कसरी यो पराजयको घाउ पुर्ने र फेरि पुनर्जीवित भएर उठ्ने भन्ने गम्भीर प्रश्न दलहरूका सामु जबर्जस्त खडा भएको छ । यो निर्वाचनमा वास्तवमा देशव्यापी सुनामी नै आयो । विभिन्न पार्टीका नेता, कार्यकर्ता र मतदाताले यतिबेला पार्टी बदल्नतिर लागेनन्, भोट बदले । जनताले यो चुनावमा विवेक होइन, आवेग प्रयोग गरे । मधेसमा 'मधेसीको नेतृत्वमा सरकार' भन्ने एजेन्डाले लहर ल्यायो । बालेनसँगै मधेसीको सेन्टिमेन्ट, नयाँप्रतिको आशा, काठमाडौंको विकासको प्रोपगान्डा जोडियो । 'चुपचाप घण्टी छाप, एक बार बालेन सरकार' भन्ने नाराले देश नै लपेट्यो ।

एमाले-नेका गठबन्धन सरकारले गरेका पछिल्ला जनविरोधी कामहरूबाट जनतामा आएको तीव्र आक्रोश निर्वाचनमा प्रतिविम्बित भयो । भ्रष्टाचारलाई संस्थागत गर्ने, भ्रष्टाचारीलाई जोगाउने र चोख्याउने, जनतालाई सुशासन दिन नसक्ने, सेवा प्रवाह (डेलिभरी) दिन नसक्ने काम गरेका कारणले सरकार बदनाम भएको थियो र जनतामा भुसको आगोजस्तै असन्तुष्टि र आक्रोश बढिरहेको थियो । यसैबिच युवा र नवयुवाहरूको पढ्ने, खेल्ने, रमाउने, आफ्ना भावना र असन्तुष्टि पोख्ने मात्र होइन, कमाइको माध्यम बनेको 'प्लेटफर्म' सामाजिक सञ्जाल बन्द गरेर आगोमा घिउ थप्ने काम गऱ्यो । यसरी जनतालाई सरकारसँग प्रश्न गर्न नदिने र हात-मुख थुन्ने सर्वसत्तावादी हरकत गरियो । जनताको यो असन्तुष्टि र आक्रोश जेनजी विद्रोह हुँदै यो निर्वाचनमा पोखियो । त्यसका बाछिटाहरूले नेपाल कम्युनिस्ट पार्टीसहित अन्य दलहरूलाई पनि नराम्रोसँग हिर्काए । पुराना दल र नेताहरू खासगरी केपी ओलीको दम्भ, घमण्ड र प्रतिगामी कदमहरू तथा देउवाको अकर्मण्यता यो स्थिति आउनुका मुख्य कारण हुन् । यसमा अरू पार्टी र नेताहरूका पनि कमी-कमजोरी छन् ।

'अनि पुराना दल र पुराना नेता सबै एकै हुन्, सबै खराब हुन्, कसैले पनि केही गरेनन्, सबै जना भ्रष्टाचारमा चुर्लुम्म डुबे, जनताका समस्यालाई बेवास्ता गरे, आफन्तलाई पोस्ने काम गरे, सत्तामा बसेर भागबन्डा गरेर खाए, लुटे, यसपटक यी सबैलाई एकैपटक ठेगान लगाउनुपर्छ' भन्ने भाष्य बनाइयो । अर्कोतिर नयाँप्रतिको आशावाद पनि थियो । 'व्यवस्था बदलियो, जनताको अवस्था बदलिएन' भन्ने नारालाई व्यापक रूपमा प्रचार गरियो । यसैबिच सामाजिक सञ्जालहरूमार्फत 'इनफ इज इनफ', 'नेपोटिजम', 'नेपो बेबी', 'नेपो किड्स' विरोधी अभियानहरू चलाइएकै थिए । यसरी स्थापित पार्टीहरूप्रति व्यापक असन्तुष्टि र आक्रोश बाँड्ने काम भयो । अनि त्यो असन्तुष्टि पार्टी र नेताहरूप्रति घृणाभाव, आक्रोश र अस्वीकृतिमा बदलियो । समाजको गर्भमा थुप्रिएको असन्तुष्टि र आक्रोशलाई समयमा बुझ्ने कोसिस भएन र त्यसको उपचार खोजिएन ।

समाजमा तयार भएको ज्वालामुखी विस्फोट हुनु थियो, चुनावले त्यसलाई छताछुल्ल बनाएर सतहमा ल्याइदियो । स्वाभाविक-अस्वाभाविक गठबन्धनप्रति पनि जनतामा रोष थियो । संसदीय लोकतन्त्रको खिल्ली उडाउँदै संसद्को पहिलो र दोस्रो दलसमेत मिलेर सरकार बनाउने र सत्तामा हालीमुहाली गर्ने, लुट मच्चाउने काम भए । निर्वाचनमा एकखाले, सरकार गठन गर्दा अर्कै गठबन्धनह दुई महिना, चार महिना, वर्ष दिनमा सत्ता स्वार्थका कारण सरकार परिवर्तन भइरहने । स्वतन्त्र रूपमा चल्नुपर्ने निकायहरू अदालतका न्यायाधीश, विश्वविद्यालयको नेतृत्व, संवैधानिक निकायका पदाधिकारी, राजदूत नियुक्तिमा दलीय भागबन्डाले जनतामा नकारात्मक प्रभाव पारेको थियो । यी अनेक कारणले जनतामा साह्रै दिक्दारी बढेको थियो ।

'पुरानाले केही गरेनन्, नेताले आफ्ना छोराछोरी र आफन्तका लागि मात्र काम गरे, हामीलाई परिवार छाडेर विदेशिन बाध्य बनाए । घण्टीमा भोट नहाले पैसा पठाउँदैनौं, घर फर्कंदैनौं, घण्टीलाई भोट हाले हामी नेपालमै रोजगारी पाउँछौँ' भन्दै यसपटक 'चुपचाप घण्टीमा छाप' भनेर आफ्ना श्रीमती, श्रीमान्, बुवाआमा, छोराछोरी, आफन्त सबैलाई फोन-मेसेज गरेर कन्भिन्स गरे, दबाब र थ्रेट गरे । यसलाई चिर्ने काउन्टर स्ट्राटेजी अन्य दलहरूले बनाउन सकेनन् । अरू दलहरू उही परम्परावादी निर्वाचन प्रचार शैलीमा नै रुमल्लिरहे । डिजिटल संसारमा नयाँहरूको एकखाले हेजेमोनी (वर्चस्व) कायम भयो । प्रविधिको चरम दुरुपयोग गरेर मास फ्रस्टेसनलाई आफ्नो पक्षमा पार्ने काम भयो । फेसबुक, टिकटक, च्याटजिपिटी, जेमिनाई आदिबाट विभिन्न कन्टेन्टहरू क्रिएट गर्नुका साथै 'अल्गोरिदम म्यानिपुलेसन'बाट मान्छेलाई एकोहोरो बनाएर अफिमको जस्तै नशामा झुम्ने बनाइयो । अन्तत: नयाँ भन्नेहरूले आइटी कब्जा गरे, सामाजिक सञ्जालको प्रयोग र मिडियाहरूको उपयोग राम्रैसँग गरेह बुथ कब्जा गरेनन्, प्रविधिमार्फत जनताको माइन्ड अर्थात् दिमाग र मनोविज्ञान कब्जा गरे ।

**कम्युनिस्टहरूको पराजयका कारण**

हिजोदेखि आजसम्म सत्ता सञ्चालनदेखि पार्टी सञ्चालनसम्म कम्युनिस्टहरूले धेरै कमजोरी गरेका छन् । सत्तामा जाँदा मात्तिएका छन् । कतिपय गर्न सक्ने, गर्नुपर्ने काम पनि भएनन् । चरम अवसरवाद र सत्तामोह हावी भयो । नेताहरूले जनताको दिलको कुरा बुझ्न सकेनन् । जनताको मनको सत्ताभन्दा सिंहदरबारको सत्ता नै सबथोक जस्तो लाग्यो । सरकारमा हुँदा भए-गरिएका राम्रा कामहरूको पनि मार्केटिङ र राम्रोसँग प्रचार भएन । जनताका लागि भविष्यका सपना कोर्न र जनतालाई सपना देखाउन र आफ्ना एजेन्डामा आकर्षित गर्न पनि सकिएन ।

कम्युनिस्ट पार्टीहरू गाउँबाट सहर सर्दै गए, अनि जनताबाट कट्दै गएह बरु सुविधाका लागि छिनाझप्टीमा रुमल्लिए, पार्टीहरूले जनमत खस्किँदै गएको पत्तै पाएनन् । नेता र कार्यकर्ताका बिचमा ग्याप, कार्यकर्ता र जनताका बिचमा ग्याप । नेता र जनता बिचको पुल भत्कियो । नेता र जनता जोड्ने ब्रिज हुनुपर्ने कार्यकर्ता, व्यापारी र नेता जोड्ने दलाल बन्न पुगे । नेता-कार्यकर्ताको बिचमा कर्मचारीको जस्तो हाइरार्की हुनेह नेता-कार्यकर्ता जनताका सेवक होइन, हाकिम जस्ता भएपछिको परिणाम हो यो । अब नेता र जनता प्रत्यक्ष रूपमा जोडिने मेकानिजम बनाउनु जरुरी छ । कम्युनिस्ट पार्टीलाई समयमै सही ढङ्गले सम्हाल्न, बदल्न र मतदातामा सम्प्रेषण गर्न नसक्नु पराजयको अर्को कारण हो ।

कम्युनिस्ट पार्टीहरू केही वर्षदेखि नयाँ पुस्ता र आजको समाजसँगको बहस र अन्तर क्रियाबाट टाढा रहे । पार्टी निर्माणमा युवालाई महत्त्व दिन सकेनन्, कार्यकर्ता-नेता उत्पादन गर्ने नर्सरी नै बिर्सिए । पार्टीले युवा पुस्ताका मुद्दा, चाहना र आकाङ्क्षा सम्बोधन गर्ने, उनीहरूलाई सम्मान, नेतृत्व र भूमिका दिने, उनीहरूको ज्ञान, सिप, योग्यता र अध्ययनलाई पार्टी निर्माणमा लगाउनुपर्दछ । पुरातन र सनातनी तरिकाले होइन, 'पुरानो माइन्डसेट' चेन्ज गरेर नयाँ तरिकाले सङ्गठन निर्माण गर्नु जरुरी छ । अब युवा पुस्तालाई आकर्षित गरेर पार्टी सङ्गठनमा जोड्ने, पार्टीमा युवा र नवयुवाहरू व्यापक रूपमा भर्ना गर्ने र युवामैत्री पार्टी बनाउने कुरामा ध्यान केन्द्रित गर्नुपर्दछ ।

यो चुनावमा वामपन्थी जनमत विभाजित गर्ने र वामपन्थी शक्तिलाई सिध्याउने विरोधीहरूको षड्यन्त्र त थियो नै । कम्युनिस्टहरूले जुन वर्गका लागि त्याग, बलिदान, संघर्ष र क्रान्ति गरे, आज त्यही वर्गले किन भोट हालेन ? किन छोड्यो ? त्यो वर्गसम्म किन पुग्न सकिएन ? कम्युनिस्टले वर्ग छोडे कि त्यो वर्गले पार्टी छोड्यो ? यो प्रश्नमा अब त गम्भीर बन्नैपर्छ होला नि !

**कम्युनिस्ट आन्दोलनको पुनर्गठन**

यतिबेला कम्युनिस्ट पार्टीहरूमा पुनर्गठन भन्ने शब्द निकै चल्तीमा छ । खासमा के हो यो पुनर्गठन र यसको व्याख्या ? वर्तमान चुनौतीसँग जुध्न सक्ने हैसियतको पार्टी, आजका समस्याहरूको हल निकालेर जनतामा उत्साह दिन सक्ने, नयाँ युगमा नयाँ युवाहरूका आकाङ्क्षा सम्बोधन गर्न सक्ने, यो सङ्कटबाट आन्दोलन, राष्ट्र र राष्ट्रिय स्वाधीनता जोगाउन अगुवाइ गर्न सक्ने पार्टी आजको आवश्यकता हो । जनताले विश्वास गरेको, बलियो जनाधार भएको, क्रान्तिकारी पार्टीले मात्र समाजवादी क्रान्तिका कार्यभार पूरा गर्न सक्छ । हो, यही उद्देश्य पूरा गर्ने गरी पार्टी पुनर्गठनको खाका तयार हुनुपऱ्यो ।

मदन भण्डारीले भनेझैँ 'कुराले चिउरा भिज्दैन ।' अब साँच्चिकै कम्युनिस्ट पार्टीको शुद्धीकरण गरेर फोहोरमैला सफा गर्नुपर्नेछ र पार्टीमा 'सर्भिसिङ' को आवश्यकता छ । पार्टीका विचार, नीति र सिद्धान्तमा खिया लागेको छ भने 'सान' लगाएर त्यसलाई स्पातिलो बनाउनु पर्दछ । पार्टीमा नीति, विधि, सङ्गठन, नेतृत्व, सोच, कार्यशैलीमा समग्र पुनर्गठन गर्नुपर्छ । पार्टीलाई 'ओभरहालिङ' र 'रिजुभेनेसन' गर्नुपर्नेछ । अब सङ्गठनलाई 'रिफर्म' र 'रिस्ट्रक्चरिङ' गर्नुको विकल्प छैन । पार्टीमा समग्र पुनर्गठनको अर्थ शुद्धीकरण, सुदृढीकरण, नवीकरण, रूपान्तरण र पुनर्जागरण हो । तब नै कम्युनिस्ट पार्टीले नवजीवन पाउनेछ ।

यो निर्वाचन परिणामले नेपालमा लोकप्रिय र बलियो बन्दै गएको कम्युनिस्ट आन्दोलन सख्त घाइते भएको छ । यतिबेला कम्युनिस्टहरूले 'यो साम्राज्यवादको षड्यन्त्र हो' भनेर गीत गाउने र मन बुझाउने अवस्था छैन । नेपालको वाम आन्दोलनलाई नै सबैभन्दा ठूलो धक्का लागेको छ । देशी-विदेशी शक्ति केन्द्रहरूको 'मिसन' पनि यही नै थियो । अब वामपन्थीहरूले यो पराजयबाट शिक्षा लिएर चुनौतीको सामना गर्ने नयाँ योजनाका साथ अघि नबढ्ने हो भने अझ धेरै क्षति हुन सक्छ भन्ने कुरामा हेक्का रहनैपर्छ ।

अझै पनि कम्युनिस्टहरूको दिमागको बिर्को नखुल्ने हो भने आन्दोलन धराशायी हुनेछ, देश र जनताले अझै ठूलो 'सफर' गर्नुपर्नेछ । त्यसकारण आन्दोलन जोगाउने हो भने कम्युनिस्ट पार्टीहरूले विगतको समग्र समीक्षा गर्दै अब आफूभित्र शुद्धीकरण, समग्र पुनर्गठन एवं रूपान्तरण गर्नु अनिवार्य छ । अनि वाम एकता आजको अपरिहार्य आवश्यकता हो भन्ने महसुसीकरणका साथ पुनर्गठनसँगै एकीकरणको प्रक्रिया अघि बढाउने अवसर पनि हो यो ।

निर्वाचनको प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्दै संसद्मा दुई तिहाइ बहुमत संख्या र जनमत प्राप्त गरेर सफलताको शिखर चुमेको कम्युनिस्ट आन्दोलन ओरालो लाग्दै आज पन्‍ प्रतिशत जनमतमा झरेको छ । आज कम्तीमा दुई तिहाइ जनमत खस्किएको छ । यो सानो धक्का होइन । त्यसैले 'इगो' त्यागेर वाम एकता अहिलेको आवश्यकता हो । अझै चेत खुलेन भने सबै सकिएपछि पश्चात्तापबाहेक केही बाँकी रहनेछैन । यहाँनेर नेपालका वामपन्थीहरूले 'जतिबेलासम्म मसँग इरानी जनता थिए, त्यो शक्ति मैले बुझ्न सकिनँह जतिबेला जनशक्तिको महत्त्व बुझेँ, मसँग कोही पनि छैन' भन्ने इरानका अन्तिम राजा रेजा पहलवीको भनाइ स्मरण गर्न जरुरी छ ।

यतिबेला एकातिर नेपालका कम्युनिस्टको अवस्था पश्चिम बङ्गालमा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को जस्तै भएको भाष्य खडा गरिँदै छ भने अर्कोतिर केही वाम नेताहरू 'हामी पश्चिम बङ्गाल भएका छैनौँ' भनेर आत्मसन्तुष्टि लिइरहेको देखिन्छ । पश्चिम बङ्गालमा भाकपा (मार्क्सवादी) ले लगातार ३४ वर्ष शासन गऱ्यो । सन् २०११ को चुनावमा ममता बनर्जीको तृणमूल कांग्रेससँग पराजय व्यहोरे पनि ४० सिटसहित प्रतिपक्षी दल थियो । सन् २०१६ मा राष्ट्रिय कांग्रेससँग गठबन्धन गरेर २६ सिट मात्र जित्न सक्यो भने २०२१ को निर्वाचनमा एक सिट पनि जित्न सकेन । यद्यपि सो पार्टीले केरलामा अहिले पनि सरकार चलाइरहेजको छ र त्रिपुरा विधानसभामा राम्रो उपस्थिति छ ।

पश्चिम बङ्गाल बाजा बजाएर आउने होइन । कतिसम्म हार खाएपछि पश्चिम बङ्गाल भइन्छ ? यसबाट पनि पाठ सिक्न जरुरी छ । नेपालको कम्युनिस्ट आन्दोलनका अगाडि अब 'सकिने कि सच्चिने' दुई ज्वलन्त प्रश्न खडा छन् । चुनौतीसँग अवसर, अनि पराजयको गर्भमा विजयको सम्भावना पनि आएको हुन्छ । त्यसैले साँच्चिकै सच्चिने र आत्मविश्वासका साथ अघि बढ्ने सङ्कल्प गर्ने हो भने यो आन्दोलनलाई फेरि उठाउन सकिन्छ ।

२०४८ सालको आम निर्वाचनमा माले-मार्क्सवादी मिलेर गठित एमाले, जनमोर्चा सहितका २०५ मध्ये ८० सिट अर्थात् ३९ प्रतिशतभन्दा बढी जितेका कम्युनिस्टहरूले २०५१ सालमा एमाले ८८ सिटसहित संसद्को सबैभन्दा ठूलो दल बन्नुका साथै संसद्मा ४४.८७ प्रतिशत प्रतिनिधित्व थियो । माओवादी 'जनयुद्ध' को उभारको बेला भएको २०५६ को निर्वाचनमा केही खस्किएर एमालेसहित कम्युनिस्टहरू कुल ७८ सिटसहित ३८.०४ प्रतिशतमा सीमित भए । तर २०६२/६३ को आन्दोलनपछि शान्ति प्रक्रियामा आएको माओवादी २०६४ मा एक्लै ६०१ सदस्यीय संविधानसभामा २३७ सिटसहित पहिलो दल बन्न पुग्यो भने एमालेको १०८ सहित कम्युनिस्टहरूले जम्मा ६१.२३ प्रतिशत सिटमा जित हासिल गरे । २०७० सालको दोस्रो संविधानसभाको निर्वाचनमा एमाले १७४, माओवादी ८३ सहित २८७ अर्थात् ४८ प्रतिशतमा झरेको थियो ।

संविधान जारी भएपछि २०७४ को निर्वाचनमा २७५ सिटमध्ये एमाले-माओवादी गठबन्धनबाट एमाले १२१, माओवादी ५३ सहित वामपन्थीको जम्मा १७७ (६४.३६ प्रतिशत) अर्थात् करिब दुई तिहाइ बहुमत प्राप्त भयो । नेपालको राजनीतिक इतिहासमा कम्युनिस्टहरूको यो ऐतिहासिक विजय थियो । यसरी तत्कालीन एमाले र माओवादीलाई २०७४ सालको निर्वाचनमा जनताले पत्याएर झन्डै दुई तिहाइ बहुमत दिए । चुनावपछि पार्टी एकता गरेर नेकपा इतिहासकै ठूलो कम्युनिस्ट पार्टी र देशकै सबैभन्दा ठूलो राजनीतिक दल बन्यो । तर त्यतिबेला सरकारले राम्रो काम गर्न नसकेर एकातिर प्राप्त जनमत पनि कायम रहन सकेन भने अर्कोतिर आन्तरिक कलहले साढे दुई वर्ष नपुग्दै पार्टी नै विभाजन हुन पुगेको तितो इतिहास छ ।

२०७९ को निर्वाचनमा कम्युनिस्ट शक्ति उल्लेख्य रूपमा घट्न पुग्यो र जम्मा १३५ सिट अर्थात् कुल सिटमा ४५.४५ प्रतिशत आयो । यसपटक २०८२ को निर्वाचनमा कम्युनिस्ट पार्टीहरूको संसद्मा धेरै कमजोर उपस्थिति रहन गयो । २०४८ को निर्वाचनदेखि 'राइजिङ' अवस्थामा रहेका, अनेकौं देशी-विदेशी षड्यन्त्रका बाबजुद उकालो चढ्दै २०७४ को निर्वाचनमा करिब ६५ प्रतिशतसहित झन्डै दुई तिहाइ बहुमतसहित संसद् र सरकारमा पुगेका कम्युनिस्टहरू आज १५ प्रतिशत मतसहित ४२ सिटमा खुम्चिनु परेको छ । यो परिणाम अवश्य पनि निकै पीडादायक छ ।

यतिबेला नेपालमा कम्युनिस्टहरू खस्कँदै गएका र अब उनीहरू कहिल्यै उठ्न नसक्ने भाष्य बनाइँदै छ । त्यो पूँजीपति र बुर्जुवा वर्गको धर्म नै हो । तर यसबेला साँच्चिकै कम्युनिस्ट आन्दोलनमा निकै ठूलो झट्का लागेको छ । आन्दोलन इतिहासकै गम्भीर मोडमा छ । विश्वमा कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेको, कम्युनिस्टहरूमा शीतलहरी चलिरहेको 'सिजन' मा पनि नेपालमा वाम आन्दोलन सफलताको शिखर चढ्दै थियो । मदन भण्डारीको नेतृत्वमा मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास गर्दै कम्युनिस्ट आन्दोलनको लोकतान्त्रिकीकरण गर्ने राजनीतिक कार्यदिशा अघि सारेपछि नेपालमा कम्युनिस्ट आन्दोलनले नयाँ जीवन प्राप्त गरेको थियो ।

**भविष्यको 'रोडम्याप'**

यतिबेला वाम आन्दोलन र क्रान्तिका उपलब्धिसमेत सङ्कटमा परेका छन् । राष्ट्रिय स्वाधीनतामा खतराको घण्टी बजिरहेको छ । हाम्रो देश नेपाललाई यतिबेला भूराजनीति र अन्तर्राष्ट्रिय रणनीतिको 'इपिसेन्टर' बनाउन खोजिँदै छ । यो आँधीतुफान यतिमै सीमित नहुन सक्छ, यो आँधी आउनुपूर्वको सन्नाटा जस्तो लाग्दै छ । हामी अझै ठूलो 'सुपर सङ्कट' को सम्मुख छौँ । जतिबेला राष्ट्रिय स्वाभिमानमाथि सङ्कट बढिरहेको छ, त्यतिबेला कुनै पनि दल मात्र होइन, सबै नेपालीका लागि राष्ट्र र राष्ट्रियता नै सबैभन्दा माथि हुन्छ । त्यसैले राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई सङ्गठित गर्न राष्ट्रवादी शक्तिलाई एकताबद्ध गर्दै देशभक्त प्रगतिशील शक्तिहरूको मोर्चा निर्माणमा कम्युनिस्ट पार्टीले नै पहल गर्न जरुरी छ ।

अब भाषण र कुरा मात्र होइन, नयाँ सङ्कल्पका साथ जनताको मन छुने 'टची एजेन्डा', केही आकर्षक नारा ल्याएर केही नयाँ सन्देश दिनैपर्नेछ । जनताका एजेन्डाहरू ठोस रूपमा निर्धारण गर्ने, ती एजेन्डाको स्वामित्व लिने, तिनको सार्वजनिकीकरण गर्ने र ती मुद्दाहरू तथा सरकारले गरेका गलत क्रियाकलापविरुद्ध संसद् र सडकमा सशक्त रूपमा आवाज उठाउनुपर्दछ । भ्रष्टाचारको अन्त्य, सुशासनको स्थापना, बेरोजगारीको अन्त्य र देशभित्रै रोजगारीको अवसर, जनतालाई सहज सेवा सुविधा (डेलिभरी), सामाजिक विकृति-विसङ्गतिविरुद्ध सामाजिक न्याय, आर्थिक समृद्धि र रूपान्तरण तथा समाजवादका एजेन्डा सटिक ढङ्गले पहिचान गर्ने र मुलुकका समस्या समाधानको ठोस मार्गचित्र (रोडम्याप) अगाडि सार्नुपर्दछ । शासकीय स्वरूप, निर्वाचन प्रणाली, सौयताको सबलीकरण, आर्थिक-सामाजिक रूपान्तरण, सामाजिक न्याय, सुशासनलगायत संविधान संशोधनका एजेन्डाहरूमा पनि ठोस प्रस्ताव तयार गरेर सार्वजनिक गर्ने र ती एजेन्डाहरूको पक्षमा जनमत सिर्जना गर्नुपर्दछ ।

आफूले आफैंलाई प्रश्न गरेर वा निराश भएर समस्याको समाधान हुनेवाला छैन । त्यसैले फेरि पनि कम्युनिस्ट आन्दोलनको पुनर्जीवन नै अहिलेको आवश्यकता हो । अहिलेको समस्याको 'डाइग्नोसिस' गरेर उपचार खोज्नु सख्त जरुरी छ । हाम्रा पुस्ता र हामीले सम्पूर्ण जीवनको लगानी गरेको आन्दोलन जोगाउनका लागि हामी जस्तोसुकै कुर्बानी गर्न तयार हुनुपर्दछ भन्ने भावना अब कम्युनिस्ट नेताहरूमा आउनैपर्छ । पार्टीमा अझै सक्षम, अझै सक्रिय, अझै नयाँ व्यक्तिलाई नेतृत्वमा ल्याउन तयार हुनुपर्छ । श्रम र उत्पादनका कुरा गरेर नथाक्ने कम्युनिस्ट पार्टीहरूले अब हर्क साम्पाङबाट पनि सिक्नुपर्दछ । पार्टीहरूले श्रम संस्कृति बिर्सिए । जनतालाई आकर्षण गर्न र कार्यकर्तालाई आत्मनिर्भर बनाउन श्रम संस्कृति र उत्पादन संघर्षलाई महत्त्वका साथ कार्यान्वयन गर्नुपर्दछ । समग्र रूपमा निर्वाचनको निर्मम समीक्षा गरी पराजयका बाह्य र आन्तरिक कारणहरू पहिल्याउनुपर्दछ । समीक्षाको निचोडका रूपमा संक्षिप्त श्वेतपत्र जारी गर्नुपर्दछ । कमी-कमजोरीहरूबाट पाठ सिकेर ती कमजोरी सच्याउने र धुलो टकटकाउँदै अघि बढ्ने सङ्कल्प गर्नुपर्दछ र सुझबुझका साथ आगामी यात्रा तय गर्नुपर्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# राइड सेयरिङ/हिलिङ गर्ने सवारीसाधनको आयु तोकिँदै, १५ वर्ष पुराना निषेध



काठमाडौं/सरकारले राइड सेयरिङ र हिलिङ मार्फत यातायात सेवा प्रदान गर्ने सवारी साधनको आयु तोक्ने तयारी गरेको छ । यसका लागि भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालयले डिजिटल मोबिलिटी सेवा सञ्चालन सम्बन्धी मापदण्ड २०८२ को मस्यौदा तयार पारेको छ ।

मस्यौदा अनुसार राइड हिलिङ (डिजिटल प्ल्याटफर्म मार्फत यात्रुले आफ्नो आवश्यकता अनुसार सवारी वा चालक सहितको सवारी माग गरी प्रयोग गर्ने उद्देश्यले बुकिङ गर्ने तथा सेवा प्रदायकसँग प्रत्यक्ष समन्वय गरी भुक्तानी, ट्र्याकिङ र सेवा व्यवस्थापन गरिने यातायात सेवा) मा प्रयोग हुने अनुमति प्राप्त सवारी साधनको आयु उत्पादन मितिले १५ वर्ष नपुगेको हुनुपर्ने छ ।

यस्तो प्रावधान दुई र चार पाङ्ग्रे दुवैमा लागु गर्ने तयारी छ । मन्त्रालयका अनुसार तीन तहका सरकारबाट बन्ने कानुनमा एकरूपता कायम होस् भन्ने उद्देश्यले संघीय सरकारले मापदण्ड तोक्न लागेको हो । त्यस्तै सर्वोच्च अदालतले दिएको आदेश कार्यान्वयन समेत गर्नुपर्ने भएकाले मापदण्द बनाएर राइड सेयरिङ सेवा नियमन गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

यातायात क्षेत्रमा उद्यम शीलता तथा आर्थिक समृद्धिसँग प्रत्यक्ष जोडिएको राइड सेयरिङ जस्ता विद्युतीय प्ल्याटफर्म मार्फत यातायात सेवा सुरक्षाको स्थापित मापदण्ड अनुसार सुरक्षित र भरपर्दो बनाउन, सेवा प्रदायक र सवारी नियमन तथा व्यवस्थापन गर्न एवं सेवा गुणस्तर वृद्धि गर्न यस्तो मापदण्ड बनाइएको मन्त्रालयले मस्यौदामा उल्लेख गरेको छ । मन्त्रालयका अनुसार अब दुई पाङ्ग्रे सवारीका हकमा पेट्रोल इन्जिन सवारी प्रदूषण मापदण्डभित्र रहेको हुनुपर्ने छ । विद्युतीय सवारीका हकमा भने न्यूनतम १.५ किलोवाट पिकआवर रहेको र अधिकतम गति ४० किलोमिटर प्रतिघण्टाभन्दा माथि रहेको हुनुपर्ने छ ।

चार पाङ्ग्रे सवारीका हकमा समेत सोही मापदण्ड सहित सामान कक्ष कम्तीमा २ सय लिटर बराबर भएको हुनुपर्ने गरी मापदण्ड तोकिएको छ । सोही मापदण्ड कार्यान्वयनमा आएपछि सेवा प्रदायक कम्पनीले डिजिटल मोबिलिटी (एप वा वेबसाइट जस्ता डिजिटल प्ल्याटफर्म प्रयोग गरी अनलाइन माध्यमबाट यात्री-यात्री एवं यात्री तथा सेवा-प्रदायकबीच समझदारीमा, यात्रीहरूको आवश्यकताका आधारमा सवारी वा चालक सहितको सवारी उपलब्ध गराउने, साथै भुक्तानी र ट्र्याकिङ पारदर्शी बनाइ सहज यात्रा सम्पन्न गराउने गरी सञ्चालित यातायात) सेवामा प्रयोग हुने सवारी यस मापदण्ड अनुसार भए/नभएको यकिन गरेर मात्र आबद्ध गर्नुपर्ने समेत मस्यौदामा उल्लेख छ ।

दुई पाङ्ग्रे सवारीका हकमा रियल टाइम जीपीएस ट्र्याकिङ सिस्टम, सेवा प्रदायक र प्रहरी कन्ट्रोल रूमसम्म एलर्ट जाने आपतकालीन बटम र चालक तथा यात्रु दुवैका लागि हेलमेट अनिवार्य गर्नेसमेत मस्यौदामा उल्लेख छ ।

चार पाङ्ग्रेका हकमा समेत अलर्ट बटम, ट्र्याकिङ सिस्टम र प्राथमिक उपचार किट अनिवार्य हुनपर्ने गरी सर्त तोकिएको छ । सवारीसाधनले यान्त्रिक चाँज गराइ प्रमाणपत्र लिनुपर्ने समेत मापदण्डमा उल्लेख छ ।

**चालक हुन न्यूनतम १८ वर्ष, लाइसेन्स लिएको १ वर्ष पुरा हुनुपर्ने**

सरकारले बनाएको मापदण्ड अनुसार डिजिटल मोबिलिटी सेवामा आबद्ध हुने चालकको उमेर १८ वर्ष पूरा भएको हुनुपर्ने छ । सवारी चालक अनुमतिपत्र लिएको १ वर्ष पूरा भएको हुनुपर्ने गरी सर्त राखिएको छ । धुमपान, मादक पदार्थ र लागूपदार्थ सेवनको दुर्व्यसनी नभएको हुनुपर्ने समेत मापदण्डमा तोकिएको छ । सवारी चलाउन शारीरिक र मानसिक रूपमा स्वस्थ हुनुपर्छ । आपराधिक गतिविधिमा संलग्न नभएको र स्मार्टफोन प्रयोग गरी एप प्रयोग गर्न सक्ने हुनुपर्ने समेत मापदण्डमा उल्लेख छ । यस्ता चालकसँग सवारी तथा यातायात सम्बन्धी कानुन र ट्राफिक नियमबारे जानकारी हुनुपर्छ ।

सेवा प्रदायकले अब आफ्नो सेवामा चालकलाई आबद्ध गराउनु अघि योग्यता परीक्षण गराउनुपर्ने गरी मापदण्डको मस्यौदा बनेको छ । परीक्षणमा सफल चालकलाई काममा लगाउनुअघि जीवन बीमा गराउनुपर्ने र सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुपर्ने समेत सर्त तोकिएको छ ।

**नियमन यातायात व्यवस्था विभागबाटै**

डिजिटल मोबिलिटी सेवा सञ्चालक तथा व्यवस्थापनका लागि केन्द्रीय प्रणाली निर्माण र व्यवस्थापन यातायात व्यवस्था विभागले गर्ने गरी तोकिएको छ । सोही प्रणालीमा सेवा प्रदायक कम्पनीले प्रयोग गर्ने एपलाई एपीआई मार्फत आबद्ध गराउनुपर्ने छ । जसमार्फत एप सञ्चालन अनुमति, सेवा प्रदायकको एप, कारोबार नियमन र सेवाग्राहीको गुनासो सम्बोधनको काम गरिने छ ।

**अधिकतम भाडादर दुई पाङ्ग्रेमा प्रतिकिलोमिटर २५ रूपैयाँ**

सरकारले भाडादर, कमिसन र पारिश्रमिक समेत अब मापदण्डमै स्पष्ट तोक्ने भएको छ । मस्यौदामा सेवा प्रदायकले संघीय सरकार वा प्रदेश सरकारले तोकेको भाडादर अनुसार नै सेवा प्रदायक आफूले सञ्चालन गरेको एपमा प्रयोगकर्ताले स्पष्ट थाहा पाउने गरी हरेक बाटोको दुरीको 'आधार भाडादर' कायम गर्नुपर्ने भएको छ ।

जस अनुसार आधार भाडादर चार पाङ्ग्रेका हकमा प्रति किलोमिटर ५५ रुपैयाँ र दुई पाङ्ग्रेका हकमा प्रतिकिलोमिटर २५ रुपैयाँ तोकिएको छ । सेवाग्राहीबाट निर्धारित यात्रा जतिसुकै कम दुरीको भए पनि न्यूनतम दुई किलोमिटर दुरी बराबरको भाडा लाग्ने गरी सुविधा दिने प्रस्ताव समेत मस्यौदामा गरिएको छ ।

रात्रिकालीन सेवा, वातावरणीय प्रतिकूलता, खाली बस्नुपर्ने समय लगायतमा भने सीमाभित्र रहेर भाडादर घटबढ गर्न सक्ने सुविधा समेत सरकारले प्रदान गर्ने भएको छ । जस अनुसार अधिकतम २० प्रतिशतसम्म लिन सक्ने गरी छुट दिइने भएको छ ।

**भाडादरको अधिकतम १० प्रतिशतमात्र सेवा प्रदायकलाई, बाँकी चालकलाई**

यस मापदण्ड अनुसार अब आफ्नो एप भएका सेवा प्रदायकले भाडादरको अधिकतम १० प्रतिशतमात्र कमिसन राख्न पाउने भएका छन् ।

बाँकी चालकले पाउने भएका छन् । एपका अतिरिक्त सवारी साधन समेत आफ्नै हुने सेवा प्रदायकले भने दुई पक्षबीच सम्झौता गरी चालकमात्र नियुक्त गरेको अवस्थामा श्रम ऐन अनुसार पारिश्रमिक दिनुपर्ने गरी मापदण्ड बनाइएको छ । सरकारले इजाजत नदिएको बाटोमा भने यस्तो सेवा दिन पाइने छैन ।

*(स्रोत: अनलाइनखबर)*

# प्रचण्डको प्रस्ताव: वामपन्थी पुनर्गठन, शान्तिसम्झौता पक्षधरबीच मोर्चाबन्दी



साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले सबै वामपन्थी तथा कम्युनिष्ट शक्तिबीच एकता र शान्तिसम्झौता तथा लोकतान्त्रिक गणतन्त्रका पक्षधर सम्पूर्ण शक्तिबीच मोर्चाबन्दी आवश्यक रहेको बताएका छन् ।

विश्व परिवेशमा साम्राज्यवाद राष्ट्रिय स्वाधीनता र जनताको आत्मनिर्णयको अधिकारविरुद्ध झन् आक्रामक भइरहेको भन्दै प्रचण्डले यो परिस्थितिमा शान्तिसम्झौता तथा लोकतान्त्रिक गणतन्त्रका पक्षधर सम्पूर्ण शक्तिबीच मोर्चाबन्दीमा जोड दिएका छन् । नेपालमा कम्युनिष्ट पार्टी स्थापना दिवसको अवसरमा बुधबार शुभकामना सन्देश जारी गर्दै प्रचण्डले नेपाली कम्युनिष्ट आन्दोलनको समग्र पुनर्गठन आवश्यक रहेको जनाएका छन् । शुभकामना सन्देशमा लेखेका छन्, 'सबैखाले विभेदको अन्त्य गरी समतामूलक समाज निर्माण गर्न समाजवाद र साम्यवादको लक्ष्य बोकेका सबै वामपन्थी तथा कम्युनिष्ट शक्तिबीच एकता आजको ऐतिहासिक आवश्यकता बनेको छ ।'

उनी थप लेख्छन्, 'नेपाली जनताको संघर्षबाट प्राप्त उपलब्धिको रक्षा र विकास गर्न, शान्तिसम्झौता र लोकतान्त्रिक गणतन्त्रका पक्षधर सम्पूर्ण शक्तिबीच मोर्चाबन्दी अपरिहार्य रहेकोमा म विशेष जोड दिन चाहन्छु ।' सामन्तवाद र साम्राज्यवादविरुद्ध जनताको जनवादी सत्ता स्थापना गर्ने महान् उद्देश्यसहित वि.सं. २००६ साल वैशाख ९ (२२ अप्रिल १९४९) मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको थियो । स्थापना दिवस नेपालका कम्युनिष्ट पार्टीहरुले आआफ्नै तरिकाले मनाउँदै आएका छन् ।

प्रचण्डले शोषण, दमन र विभेदका नयाँ स्वरुप देखापरेको भन्दै साँचोअर्थमा जनताको आफ्नै व्यवस्था पूर्णरुपमा स्थापित हुन नसकेको जनाएका छन् । त्यसैले समाजमा विभेद रहँदासम्म कम्युनिष्ट पार्टीको औचित्य रहिरहने उनले उल्लेख गरेका छन् । वर्तमान विश्वपरिवेशमा साम्राज्यवाद राष्ट्रिय स्वाधीनता र जनताको आत्मनिर्णयको अधिकारविरुद्ध झन् आक्रामक र फासिवादी दिशातिर अगाडि बढिरहेको भन्दै उनले लेनिनका शिक्षा र आदर्श अझ सान्दर्भिक बनेको उल्लेख गरेका छन् ।

कम्युनिष्ट आन्दोलनले मात्र उपेक्षित र उत्पीडित समुदायको अधिकार र राष्ट्रिय स्वाधीनताको वास्तविक संरक्षण गर्नसक्छ भन्ने इतिहासले प्रमाणित गरेको प्रचण्डको भनाइ छ । नेपाली कम्युनिष्टको काँधमा विगतका बलिदानीपूर्ण संघर्षका उपलब्धिको रक्षागर्दै आमगरिब किसान तथा श्रमजीवी जनताको पक्षमा क्रान्ति अगाडि बढाउने जिम्मेवारी अझ बढेको प्रचण्डले उल्लेख गरेका छन् । 'इतिहासले सुम्पेको यही जिम्मेवारी पूरा गर्न नेपाल कम्युनिष्ट पार्टीको पहिलो पर्चा तथा घोषणापत्र र त्यसपछिका विकसित विचारको संश्लेषण गर्दै नेपाली कम्युनिष्ट आन्दोलनको समग्र पुनर्गठनका लागि म सबैमा हार्दिक आह्वान गर्दछु,' उनले भनेका छन् ।

शुभकामना सन्देशको अन्त्यमा प्रचण्डले लेखेका छन्, 'विगतको समीक्षा र वैचारिक संश्लेषणका साथ वामपन्थी आन्दोलनको पुनर्गठनको संकल्प लिन सबैमा पुन:आह्वान गर्दछु ।'


आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ती गरुन् झुकेर पदमा यो विन्ती मान्दैन त्यो ।।

हार्दिक समवेदना



जन्म: २००२/०२/१०

स्वर्गारोहण: २०८३/०१/०२

स्व: कूलबहादुर चित्रकार

हाम्रा आत्मीय मित्र श्री महेन्द्र चित्रकारज्यूका पूजनीय पिता **कूलबहादुर चित्रकार**को असामयिक निधनप्रति हामी अत्यन्तै मर्माहत भएका छौं । शोकको यस घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

अशोक शाक्य | प्रेमलाल श्रेष्ठ | नरेन्द्र श्रेष्ठ | भीम लामा | प्रदीप बज्राचार्य

विष्णुगोपाल महर्जन | उत्तम श्रेष्ठ | राजन सञ्जेल | सुरेन कपाली | जंगबहादुर बस्नेत

### दुई वर्षमै साढे १६ किमि सडक कालोपत्रे र २ पुल निर्माण

# घ्याङ्लेकको मुहार फेर्दै बागमती प्रदेश सरकार

साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ बागमती प्रदेश सरकारले मानवविकास सूचकांकमा पछि परेको सिन्धुलीको घ्याङ्लेख गाउँपालिकामा साढे १६ किलोमिटर सडक कालोपत्रे र दुईवटा पक्की पुल निर्माण गरेको छ ।



प्रदेश सरकारको करिब ४७ करोड रुपैयाँको लगानीमा २५ किलोमिटर लामो पिपलभञ्ज्याङ-हायूटार-रामपुर सडकमध्ये साढे १६ किलोमिटर सडक साढे ५ मिटर चौडा कालोपत्रे भएको हो । यसका साथै, घ्याङ्लेक-२ को ठाडीखोला र वडा नं. ३ को तामाजोरखोलामा ४०/४० मिटर लामा दुईवटा पक्की पुल पनि निर्माण सम्पन्न भएका छन् । प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री डा.दिनेशचन्द्र देवकोटाले नवनिर्मित कालोपत्रे सडक र पुलको उद्घाटन गरे । उनले उद्घाटन समारोहलाई सम्बोधन गर्दै मानवविकास सूचकांकमा पछि परेका घ्याङ्लेक, धादिङको रुबीभ्याली र सिन्धुपाल्चोकको पाँचपोखरी थाङपालमा मन्त्रालयले विशेष प्राथमिकता दिएर काम गरिरहेको बताए ।

उनले घ्याङ्लेकको पूर्वाधार विकासका लागि थप ३५ करोड रुपैयाँ बजेटको प्रतिबद्धता जनाउँदै विकासमा दलीय स्वार्थभन्दा माथि उठ्न आग्रह गरे । जनताको जीवनस्तरमा आमूल परिर्वतन ल्याउन अन्य मन्त्रालयसँग सहकार्यमा गरेर लक्षित कार्यक्रम घोषणा गरिने मन्त्री डा. देवकोटाले बताए । 'जबसम्म विकासलाई जनताले आत्मसात् गर्दैनन्, तबसम्म त्यो वास्तविक विकास हुन सक्दैन । हामीले बनाएका यी संरचनाले यहाँको भूगोल र जनताको जीवनस्तरमा आमूल परिवर्तन ल्याउनुपर्छ,' उनले भने ।

प्रदेश सांसद गंगानारायण श्रेष्ठले बागमती प्रदेशका ६६ निर्वाचन क्षेत्रमध्ये सबैभन्दा पछि परेको यसक्षेत्रको पूर्वाधार विकासमा प्रदेश सरकारको विशेष ध्यान जानुपर्ने बताए । 'मानवविकास सूचकांकले देखाएको तथ्यांकले यहाँको अवस्था बोल्छ । यो क्षेत्रको विकासमा प्रदेश सरकारको विशेष ध्यान आवश्यक छ,' उनले भने । प्रदेश संरचनाकै कारण घ्याङ्लेकजस्तो विकट ठाउँ राजधानीसँग जोडिन सम्भव भएको बताउँदै अर्का प्रदेश सांसद मातृका प्रसाद भट्टराईले भौतिक विकाससँगै मानवीय चेतनाको विकासमा पनि जोड दिए ।

पूर्वाधार विकास कार्यालय सिन्धुलीकाअनुसार, २४ करोड ८८ लाखमा १०.२० किमि र १० करोड ८० लाखमा ६.३० किमिका दुई सडक खण्ड निर्माण भएका हुन् । त्यसैगरी, ११ करोड २८ लाखको लागतमा दुईवटा पक्की पुल निर्माण सम्पन्न भएका छन् । यी योजनाको म्याद २०८३ सालसम्म भएता पनि तोकिएको समयअगावै काम सम्पन्न भएको कार्यालयले जनाएको छ । समयमै काम सम्पन्न गरेकोमा निर्माण व्यवसायीलाई सम्मानपत्र प्रदान गरिएको थियो । पुल निर्माणतर्फ सृजना निर्माण सेवा, सिन्धुली तथा सडक कालोपत्रेतर्फ जयबाबा गोरख-सारस-बालकोट जेभी र सञ्जीव-सिन्धुली जेभीका प्रतिनिधिलाई सम्मान गरिएको थियो ।

सडक पूर्वाधार बनेपछि सिन्धुलीको 'कर्णाली' भनिने घ्याङ्लेक दुर्गममात्र रहेन, यो सम्भावनाको केन्द्र बनेको मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहठ्ठाले बताए । संघीय सरकारको तुलनामा प्रदेश सरकारको निर्णयप्रक्रिया छिटो भएकाले नै घ्याङ्लेकको सडक समयमै सम्पन्न हुन सकेको उनले सुनाए । समयमै काम गर्नेलाई पुरस्कृत र नगर्नेलाई दण्ड दिने स्पष्ट कानुनी व्यवस्थाको आवश्यकता उनले औँल्याए । यातायात पूर्वाधार निर्देशनालयका प्रमुख नवीन सिंहले नयाँ सडक बनेपछि सवारीको गति बढ्ने र दुर्घटनाको जोखिम पनि बढ्न सक्ने भन्दै सचेत गराए । उनले घर तथा अन्य संरचना निर्माण गर्दा सडकको मापदण्डलाई ध्यान दिन नागरिक र स्थानीय तहलाई अनुरोध गरे ।

यस प्रादेशिक सडकको करिब ९ किलोमिटर कालोपत्रे र दुईवटा महत्वपूर्ण पुल निर्माण गर्न अझै बाँकी छ । यी सबै काम सकिएपछि घ्याङ्लेक मदन भण्डारी राजमार्ग र बीपी राजमार्गसँग जोडिनेछ । त्यसपछि जिल्ला सदरमुकाम मात्र होइन, प्रदेश र संघीय राजधानीसम्मको पहुँच अझ सहज बन्नेछ । पूर्वाधार विकास कार्यालय सिन्धुलीका प्रमुख लक्ष्मीप्रसाद सापकोटाका अनुसार, निर्माण हुन बाँकी दुई पुलमध्ये हाँडीखोलाको २० मिटर लामो पुलको ठेक्का सम्झौता भइसकेको छ । 'मरिणखोलामा पुल बनाउन र सडक कालोपत्रे गर्न बजेट स्वीकृत भएर आएपछि काम सुरु हुन्छ,' उनले भने ।

सिन्धुलीको सबैभन्दा विकट मानिने यसक्षेत्रमा भौतिक पूर्वाधार निर्माण भएसँगै स्थानीयको जीवनस्तर सहज बनेको छ । मंगलबार आयोजित उद्घाटन समारोहमा भेटिएका ७८ वर्षीय विन्द्र स्याङ्तानले पुरानो दु:ख सम्झिए । 'पहिला यही बाटोमा नुन-तेल बोकेर दिनभर हिँड्दा पनि सिन्धुली बजारसम्म पुगेर फर्किन मुस्किल थियो । आज गाडी कुदेको देख्दा सपनाजस्तै लागेको छ । नातिनातिनालाई खोलाले बगाउला भन्ने डर पनि हट्यो,' उनले भने । विगतमा सडक सञ्जाल नहुँदा सामान्य नुनतेल किन्न पनि सास्ती खेपेका स्थानीय शिक्षक श्रवणकुमार सुनुवार अब घ्याङ्लेक बासीको भविष्यप्रति आशावादी छन् ।

'अब हाम्रा किसानले फलाएको तरकारीले बजार पाउनेछ । व्यावसायिक कृषि र माछापालनबाट गाउँको आर्थिकस्तर उकासिनेछ,' उनले भने । घ्याङ्लेक गाउँपालिका अध्यक्ष जगतबहादुर भोलनको अध्यक्षतामा भएको उद्घाटन समारोहमा जिल्ला समन्वय समितिका प्रमुख कार्साङ लामा, पालिका उपाध्यक्ष शंकरमान घलान, नेकपा (एमाले)का जिल्ला इन्चार्ज मनोजजंग थापा, सहरी विकास तथा भवन कार्यालय सिन्धुलीका प्रमुख किरण कार्कीलगायत जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, स्थानीय बुद्धिजीवी तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो ।

## मकवानपुरमा सञ्चालित परियोजनाको सामाजिकपरीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ दलित महिला तथा किशोरीको मानवअधिकार प्रवर्द्धन परियोजनाको सामाजिक लेखापरीक्षण सम्पन्न भएको छ ।

दलित महिला तथा किशोरीको मानवअधिकार प्रवर्द्धन गर्ने उद्देश्यले मकवानपुरमा सञ्चालन गरिएको परियोजनाको सामाजिक परीक्षण भएको हो । दातृनिकाय फाउन्डेसन फर जस्ट सोसाइटीको सहयोगमा सञ्चालित परियोजनाको सामाजिकपरीक्षण दलित महिला संघ (फेडो) को आयोजनामा जिल्ला समन्वय समिति सभाहलमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यतामा गरिएको हो । सन् २०२३ देखि कार्यान्वयनमा आएको तीनवर्षीय परियोजनामा २१ वटा दलित समूहका ५ सय ५१ सदस्य, २५ जना दलित महिला अगुवा अभियन्ता तथा दुईवटा महिला साझा सञ्जालका ३१ जना प्रत्यक्ष सहभागी रहेका छन् ।

परियोजनासँग सम्बन्धित दुईवटा दलित महिला समूह र दुईवटा किशोरी सञ्जालमार्फत् ४५ जना बालबालिका पनि प्रत्यक्षरुपमा सहभागी भएका छन् । परियोजनाका द्वितीय सहभागीकारुपमा धर्मगुरु, पत्रकार, गैरदलित समुदायका महिला तथा बालबालिका, सरकारी निकाय, क्रसकटिङ सवालमा संलग्न सरोकारवाला निकाय, विद्यालय तथा शिक्षक रहेका छन् ।

सहकार्य, निरन्तरता र दिगोपनालाई कार्यरणनीति बनाएको परियोजनाले स्थानीय तहमा सार्वजनिक संवाद तथा अन्तरक्रिया, प्रदेशस्तरीय कार्यक्रम, अन्तर्राष्ट्रिय महिला दिवस तथा जातीय छुवाछुत तथा भेदभावविरुद्धका अन्तर्राष्ट्रिय दिवसमा विविध कार्यक्रम सञ्चालन गरेको जनाइएको छ ।

परियोजनाअन्तर्गत धर्मगुरुसँग अन्तरक्रिया, विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप, अगुवा अभियन्ता बैठक, जनप्रतिनिधि तथा अभियन्ताका लागि क्षमता अभिवृद्धि तालिम तथा कानुनी सहायता प्रदान गरिएको जनाइएको छ । हिंसा पीडितलाई परामर्श सेवा, उद्यमशीलता प्रवर्द्धनका लागि तालिम, व्यवसाय सुरु गर्न सहयोगस्वरुप १० समूहलाई ६ लाख रुपैयाँ तथा २० समूहलाई ५ लाख रुपैयाँ म्याचिङ फन्ड उपलब्ध गराइएको छ । संस्थाले ३० वटा महिला समूहलाई बीउपूँजी तथा म्याचिङ फन्डकारुपमा २१ लाख २० हजार रुपैयाँ प्रदान गरेको प्रतिवेदनमा जनाइएको छ ।

कुल २५ लाख ८९ हजार रुपैयाँ बचत संकलन भएको छ । दलित महिलाको आयआर्जनमा वृद्धिगर्न नियमित तथा घुम्तीकोष मार्फत ऋण परिचालन गरिँदा ७२ जना आयआर्जनमा संलग्न भएका छन् भने १ सय ५२ जना महिलाले उद्यम विकास तथा व्यवसाय विकास तालिम लिएर व्यवसाय सञ्चालन गरिरहेका छन् ।



परियोजनाबाट सामाजिक क्रियाकलापमा दलित महिलाको सहभागिता बढ्दै गएको जनाइएको छ । सहकारी, खानेपानी तथा विद्यालय व्यवस्थापन समिति लगायतका क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता वृद्धि भएको छ ।

दलित महिलाका मुद्दाप्रति स्थानीय सरकार अझ संवेदनशील बन्दै गएको वडा नम्बर ३ की सदस्य देवकी विक्ले बताइन् । परियोजनामा आबद्ध भएपछि आएको परिवर्तन बारे अनुभव सुनाउँदै अनिता विकले क्षमता अभिवृद्धि कार्यक्रम, प्रतिवेदन लेखन तालिम तथा बोल्ने सीपमा उल्लेखनीय सुधार आएको बताइन् । परियोजना मकवानपुरको बकैया गाउँपालिका र हेटौंडा उपमहानगरपालिकामा सञ्चालन हुँदै आएको छ भने राक्सिराङ र मनहरी गाउँपालिकामा समेत समूह विस्तार गरिएको छ । परियोजनाका लागि ८४ लाख ३ हजार बजेट रहेकोमा ७३ लाख ३५ हजार खर्च भएको जनाइएको छ ।

फेडो मकवानपुरकी उपाध्यक्ष सुनिता दर्नालको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा गैसस महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, वडा नम्बर २ का अध्यक्ष विष्णुगोपाल महर्जन, कार्यपालिका सदस्य इश्वरी रसाइली तथा वडा सदस्य रीता मग्राती लगायतले मन्तव्य व्यक्त गरेका थिए ।


## २२औं वार्षिक साधारण सभा सम्बन्धी सूचना !

यस समितिको मिति २०८२/१२/३० गतेका दिन बसेको व्यबस्थापन समितिको बैठकको निणयानूसार २२औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गरि निर्णय लिन निम्न मिति, स्थान र समयमा बोलाउने निर्णय भएको सहर्ष जानकारी गराउदैं यहांहरुको गरिमामय उपस्थितिको लागि सम्पूर्ण आजिवन सदस्यज्युहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**सभामा प्रस्तुत हुने छलफलका बिषयहरू**

१. समितिका तर्फबाट अध्यक्षज्युद्धारा प्रस्तुत प्रगती प्रतिवेदन माथि छलफल गरि पारित गर्ने ।
२. कोषाध्यक्षज्युद्धारा प्रस्तूत हूने लेखापरिक्षण तथा आर्थिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने ।
३. आ.ब.२०८२/०८३ को लागि लेखा परिक्षकको नियूक्ती र निजको परिश्रमिक निर्धारण गर्ने ।
४. निर्णय पुस्तिका प्रमाणित गर्नका लागि प्रतिनिधि चयन गर्ने ।
५. विविध

**कार्यक्रम:**
मिति: २०८३/०१/२० गते आईतवार
स्थान : भूटनदेवी मन्दिरको सभाहल
समय: विहान ११:०० बजे

**श्री भूटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समिति**


## छन्द दिवसको अवसरमा रचनावाचन



साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ नवसर्जक साहित्य चौतारी नेपाल, केन्द्रीय समितिको आयोजनामा छन्द दिवसको अवसरमा रचनावाचन कार्यक्रम भएको छ ।

कार्यक्रम चौतारीकी अध्यक्ष कृतिका लौडारीको अध्यक्षता तथा छन्दकवि पुरुषोत्तम आचार्यको प्रमुखआतिथ्यमा भएको हो । कार्यक्रममा नवसर्जक साहित्य चौतारी नेपालका संरक्षक एवम् परिकल्पनाकार दीपक गौतमको विशिष्ट आतिथ्य तथा गजलमञ्च मकवानपुरका अध्यक्ष सन्जित श्रेष्ठलगायतको आतिथ्य रहेको थियो । कार्यक्रममा नवसर्जकहरु रोज कार्की, दुर्गा खतिवडा, जोशिका कँडेल 'निशा', स्वस्तिका दाहाल, अभिनव वात्स्यायन, कृतिका लौडारीलगायतको रचनावाचन रहेको थियो ।

कार्यक्रममा उपस्थित विशिष्टअतिथि नवसर्जक साहित्य चौतारी नेपालका संरक्षक गौतमले छन्द दिवसको शुभकामनासहित नवसर्जक साहित्य चौतारी नेपाल लुम्बिनी प्रदेश कार्यालय स्थापना दिवसको समेत शुभकामना दिँदै आफ्नो छन्द कवितावाचन गरे । कार्यक्रममा प्रमुखअतिथि आचार्यले छन्द दिवसको शुभकामना दिँदै छन्दको महिमा बताउँदै विविध लयका छन्द कवितावाचन गरे ।

कार्यक्रम संस्थाकी महासचिव स्वस्तिका दाहालले सञ्चालन गरेकी थिइन् भने स्वागत मन्तव्य दुर्गा खतिवडाले गरेकी थिइन् । २५ वर्षमुनिका नवसर्जकको पठन तथा लेखन संस्कृतिको विकासका लागि समर्पित चौतारीले नवसर्जक मासिक शृंखला, नवसर्जक कार्यशाला तथा सन्दर्भविशेष कार्यक्रमहरू गर्दै आएको छ ।

## सीपमूलक तालिम सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ९ बैशाख/ अपाङ्गता भएका महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले हेटौंडामा सञ्चालन गरिएको सीपमूलक तालिम सम्पन्न भएको छ ।



तालिमले सहभागी महिलामा सीपसँगै आत्मविश्वास पनि बढाएको छ । बुधबार प्रमाणपत्र वितरण गर्दै चैत १ गतेदेखि २० गतेसम्म सञ्चालन गरिएको तालिम समापन गरिएको हो । हेटौंडामा २० दिनसम्म सञ्चालन भएको बहुउपयोगी कपडाका ब्याग निर्माण तालिमले अपाङ्गता भएका महिलाको जीवनमा नयाँ आशा थपेको छ । सामाजिक विकास कार्यालय हेटौंडाको सहयोग र अपाङ्गता भएका महिलाको संस्थाको आयोजनामा सञ्चालन भएको तालिममा २० जना सहभागी भएका थिए ।

५ लाख रुपैयाँको बजेटमा सञ्चालन गरिएको तालिममा सहभागीले झोला, पर्स तथा विभिन्न सामग्री बनाउन सिकेका छन् । सीप सिक्नु मात्र होइन, आफ्नै खुट्टामा उभिने आत्मविश्वास पाउनु नै यो तालिमको मुख्य उपलब्धि बनेको सहभागीहरु बताउँछन् । समापन कार्यक्रममा तालिममा सहभागीले बनाएका ब्यागको बजारीकरणमा सहयोग गर्नुको साथै थप कार्यक्रम मार्फत अपाङ्गता भएका महिलाको शासक्तीकरणमा जोड दिने नगर प्रमुख मीनाकुमारी लामाले प्रतिबद्धता व्यक्त गरिन् ।


नेपाल सरकार
गृह मन्त्रालय
**बागमती प्रदेश प्रहरी कार्यालय**
हेटौंडा, मकवानपुर

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

*प्रकाशित मिति :-२०८३/०१/१० गते (23th April 2026)*

यस कार्यालयबाट मिति २०८२/१०/२० गतेको साझाकुरा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना सम्बन्धमा निम्न बोलपत्रहरू मध्ये सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ङ) को उपनियम ०५ बमोजिम प्राविधिक रूपमा योग्य ठहरिएका बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०८३/०१/१७ गते १३:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैमा जानकारी गराइएको छ ।

निम्न :-

| ठेक्का नं. | प्राविधिक रूपमा योग्यबोलपत्रदाता: |
|---|---|
| NCB/BPPO/G/02/2082/083 | 1.NexGen IT Solutions Pvt. Ltd. |









## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना